- एउटै प्राथमिकताक्रमका एकभन्दा बढी हकवाला भएमा निजहरू सबैले समान रूपमा अपुताली पाउँछन्।
- नजिकको हकवालाले स्याहार सम्भार नगरेमा स्याहार सम्भार गर्ने व्यक्तिले अपुताली पाउँदछ।
- कुनै व्यक्तिको अपुताली लिने कोही नभएमा वा नलिएमा त्यस्तो सम्पति सम्बन्धित स्थानीय तहको हुन्छ।
- कुनै व्यक्तिले अपुताली अस्वीकार गर्न सक्छ, त्यस्तो गरेमा अपुताली परेको तीन वर्षभित्र त्यस्तो कुराको जानकारी सम्बन्धित जिल्ला अदालतलाई लिखित रूपमा दिनुपर्छ।

## अपुताली कसले पाउँदैन ?

कसैले रिस इबी वा अपुताली पाउने बदनियतले कसैको ज्यान लिएमा वा लिन लगाएमा त्यसरी ज्यान लिने वा लिन लगाउने व्यक्ति र निजको हकवालाले मृतक वा निजको हकवालाको अपुताली पाउँदैन।



## अपुताली पाउने व्यक्तिको दायित्व तथा अधिकार

अपुताली पाउने व्यक्तिले निम्न दायित्व पूरा गरेको हुनुपर्दछ:-



१. मृतकको रीत, परम्पराअनुसार सद्गत तथा किरिया गर्नु वा गराउनुपर्ने,

२. मृतकले लिएको ऋण साहूलाई भुक्तानी गर्नुपर्ने (तर मृतकको सम्पत्तिभन्दा बढीको ऋण तथा दायित्व अपुताली पाउने व्यक्तिले तिर्न बाध्य हुँदैन), र

३. मृतकले दिएको ऋण तथा लगानी गरेको सम्पत्तिमाथि अपुताली पाउनेको अधिकार हुन्छ।

## उजुरी गर्ने हदम्याद

अपुताली खुला भएको मितिले तीन वर्षभित्र जिल्ला अदालतमा उजुरी दिनुपर्दछ।









# पारिवारिक अंशबन्डा

## हर्कबहादुरको परिवार

हर्कबहादुरको पाँच जनाको परिवार छ। हर्कबहादुरको पत्नीको नाम सीता हो। उनीहरूका दुई छोरी एक छोरा छन्। छोराको नाम राम र छोरीहरूको नाम गीता र रीता हो। रीता विवाहित छोरी हन्। हर्कबहादुरकी पत्नी अहिले गर्भवती अवस्थामा पनि छिन्।





नोट:
विवाहित छोरी रीता पनि समान अंशियार हुन्।

### हर्कबहादुरका अंशियार



पत्नी (सीता), छोरा (राम), छोरी (गीता), विवाहित छोरी (रीता), गर्भमा रहेको शिशु र आफू (हर्क) हर्कबहादुरका अंशियार हुन्।

## केकेमा अंश लागदछ ?




हर्कबहादुरका परिवारको सगोलको सम्पत्ति (अंशबन्डा नभएका घरजग्गा, चल अचल सम्पत्ति)




प्रत्येक अंशियारलाई सगोलको ऋण तिर्ने दायित्व बराबर हुन्छ।

## अंशबन्डा कसरी हुन्छ ?


अंशबन्डाको लिखतद्वारा सगोलको सम्पत्ति अंशबन्डा गर्न सकिन्छ।
अंशबन्डा निम्न तरिकाबाट गर्न सकिन्छ:-



सहमतिद्वारा




गोलाप्रथाद्वारा




मुद्दाद्वारा

## कस्तो अवस्थामा अंश लिन सकिन्छ ?

- हर्कबहादुरले सीतालाई वा सीताले हर्कबहादुरलाई घरबाट निकाला गरिदिएमा वा हर्कबहादुरले सीतालाई वा सीताले हर्कबहादुरलाई शारीरिक वा मानसिक यातना दिएमा हर्कबहादुर वा सीताले जहिले सुकै आफ्नो अंशभाग लिई भिन्न हुन सक्छन्।
- हर्कबहादुर र सीताको कानूनबमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने भएमा वा वैवाहिक सम्बन्ध अन्त्य भएमा पनि हर्कबहादुर र सीताबाट जन्मिएका राम र गीतालाई अंसियार मानिन्छ।
- सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउँछन्, अंश नहुँदै हर्कबहादुरको मृत्यु भएमा हर्कबहादुरले पाउने अंश पत्नी सीता वा छोरा राम र छोरी गीताले पाउँछन्, हर्कबहादुरका एकभन्दा बढी पत्नीहरू र छोराछोरी भएका भए उनीहरूले पनि हर्कबहादुरका भागबाट मात्र अंश पाउँछन्।
- अंशबन्डा गर्दा धनजस्तै ऋण पनि बराबर बाँडिन्छ/बाँड्नुपर्छ साहूको मञ्जुरी नलिई कुनै अंशियारले मात्र सगोलको ऋण तिर्ने गरी अंशबन्डा गर्न सकिँदैन।







# अपुताली

## अपुताली भनेको के हो ?

अपुताली भन्नाले मृतकको ऋण, धन र सम्पत्तिसम्बन्धी दायित्व र अधिकार कानूनबमोजिम हकवालामा सर्ने कार्यलाई बुझिन्छ। अंश हकमा नातालाई हेरिन्छ भने अपुतालीमा नजिकको नातावाला नै हुनु पर्दछ भन्ने हुँदैन। स्याहारसम्भार गर्ने व्यक्तिले पनि अपुताली पाउन सक्दछ वा कानूनले कायम गरेको मर्नेको अरू हकवालाले पनि अपुताली प्राप्त गर्न सक्दछ। हकवालाको प्राथमिकताक्रम कानूनले निर्धारण गरेको हुन्छ।



## अपुताली कहिले खुला भएको मानिन्छ ?

कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिन्छ।

## अपुताली कसले पाउँदछ ?

अपुताली पाउने नजिकको हकवालाको प्राथमिकताक्रम निम्नबमोजिम हुन्छ:-

१. सगोलको पति वा पत्नी
२. सगोलको छोरा, छोरी, विधवा बुहारी,
३. सगोलको बाबु, आमा, सौतेनी आमा, छोराछोरीतर्फका नाति, नातिनी, नातिनी बुहारी
४. भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा,
५. भिन्न भएका छोरातर्फका नाति, नातिनी,
६. भिन्न भएका बाजे, बज्यै,
७. सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाई, दिदी, बहिनी, विधुवा भाउजु वा भाई बुहारी,
८. सगोलका काका, काकी, भतिजा, भतिजी,
९. भिन्न भएका दाजु, भाई, दिदी, बहिनी, विधुवा भाउजु वा भाइबुहारी।

